# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


पत्र सख्या : २०८२/२०८३
चलानी न: ८८

मिति : २०८३/०४/१३
ने.स.११४६ दिलाथ्व,३०
बुधबार

श्री वडा कार्यालय सबै
कालिका नगरपालिका ,चितवन ।

**बिषय** : भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीले निवेदन दिने २१ दिने सूचना सम्बन्धमा ।

प्रस्तुत बिषयमा जिल्ला भूमि समस्या समाधान समितिको च.नं २२ मिति २०८३/०४/११ को पत्रका साथ प्राप्त भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीले निवेदन दिने २१ दिने सूचना तहाँ कार्यालयमा पठाइएको छ उक्त सूचना तहाँ कार्यालयको सूचना पाटी टाँस गरी र टोलमा समेत जानकारी गराइदिनुहन अनुरोध छ ।

२०८३/०४/१२

.....................
(रामप्रसाद अधिकारी)
शाखा अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि समस्या समाधान समिति

## जिल्ला भूमि समस्या समाधान समिति

चितवन

# भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी २१ दिने सूचना।

<u>अन्तिम पटकको सूचना प्रकाशन मिति २०८३/४/११</u>

भूमि समस्या समाधान समिति ताहाचाल काठमाडौंको च.नं ४९ मिति २०८३/४/६ को पत्र र जिल्ला भूमि समस्या समाधान समिति चितवनको मिति २०८३/४/८ को निर्णयनुसार जेन्जी आन्दोलनका क्रममा आगजनी वा तोडफोडमा परी नष्ट भएका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यावस्थापन गर्ने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन तोकिएको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८३/४/११ देखि २१ दिनभित्र स्थानीय तहका वडाले तोकिएको स्थानहरुमा खटिएका लगत संकलक मार्फत पेस गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

२०८३।४।११

ना.सु.